KIRDARC
...together for social justice
कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र
KARNALI INTEGRATED RURAL DEVELOPMENT & RESEARCH CENTER
Head office : Bijaya Nagar, Jumla Contact office: Sanepa, Lalitpur
P. O Box 20842, Kathmandu, Tel: +977 1 5421678, 5448321 Fax: +977 1 5449093
E-mail: kirdarc@kirdrac.org Website: www.kirdarc.org

Registration No 7/055/56 PAN No. 301466534 SWC 12467

# प्रेस वक्तव्य

*मिति: असार ७, २०८३ (जुन २१, २०२६)स्थान: केन्द्रीय कार्यालय, जुम्ला*

## कर्णालीको आवाज, न्यायपूर्ण विकास र नागरिक सशक्तिकरणको २७ वर्ष: किर्डाक नेपालको प्रतिबद्धता

भौगोलिक रूपमा विकट तर प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा र असीमित सम्भावनाले भरिपूर्ण कर्णाली क्षेत्रको समग्र विकास, मानवअधिकारको संरक्षण, सामाजिक न्याय र नागरिक सशक्तिकरणका लागि विगत २७ वर्षदेखि निरन्तर क्रियाशील संस्था **कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपाल** आज आफ्नो स्थापनाको २७औँ वर्षमा प्रवेश गरेको छ। यस ऐतिहासिक एवं गौरवमय अवसरमा किर्डाक नेपाल आफ्ना सम्पूर्ण आदरणीय आम नागरिक, नेपाल सरकार, प्रादेशिक तथा स्थानीय सरकारहरू, अन्तर्राष्ट्रिय एवं राष्ट्रिय विकास साझेदार संस्थाहरू, नागरिक समाज, नीजिक्षेत्र, श्रमजीवी सञ्चारकर्मी तथा समस्त शुभेच्छुकहरूमा हार्दिक कृतज्ञताका साथ न्यानो शुभकामना व्यक्त गर्दछ।

वि.सं. २०५६ (सन् १९९९) मा संस्थागत रूपमा दर्ता हुनुभन्दा अगाडि देखि नै कर्णालीको न्यायोचित विकास र हकअधिकारका लागि जनस्तरबाट सशक्त वकालत र पैरवी गर्दै आएको किर्डाक नेपाल आजका दिनसम्म आइपुग्दा कर्णालीको मात्र नभई नेपालकै अग्रणी, सुस्थापित र विश्वसनीय नागरिक संस्थाका रूपमा स्थापित हुन सफल भएको छ। अधिकारमुखी आन्दोलनलाई विकासको मूलधारसँग जोड्दै किर्डाकले तय गरेको २७ वर्षको यात्रा संघर्ष, रूपान्तरण र प्राप्तिको गौरवशाली इतिहास हो।

### ऐतिहासिक योगदान र रुपान्तरणका महत्त्वपूर्ण कोशेढुङ्गाहरू

**१. क्षेत्रीय विभेद विरुद्धको आन्दोलन र ऐतिहासिक 'लालटिन जुलुस:**

तत्कालिन राज्यको केन्द्रीकृत संरचनाले कर्णाली क्षेत्रलाई ऐतिहासिक रूपमा पारेको पछाडि, उपेक्षा, र विकासको चरम असन्तुलन विरुद्ध किर्डाकले सुरु गरेको ***'लालटिन जुलुस'*** नेपालको अधिकारमुखी आन्दोलनको इतिहासमा एउटा विशिष्ट र मार्गदर्शक रचनात्मक विद्रोह थियो। 'दिउँसै लालटिन बालेर कर्णालीमा विकास खोज्ने' यो सांकेतिक आन्दोलनले सिंहदरबारको ध्यान आकृष्ट मात्र गरेन, कर्णालीलाई दया र दानको पात्रका रूपमा नभई अधिकार र न्यायको हकदारका रूपमा स्थापित गर्न बलियो जग बसाल्यो।

२. **पूर्वाधार विकास र पैरवी: कर्णाली राजमार्गको निर्माणमा योगदान**

सडक सञ्जालबाट पूर्ण रूपमा विमुख कर्णालीलाई राष्ट्रिय सडक सञ्जालमा जोड्न किर्डाकले निर्वाह गरेको रणनीतिक पैरवीको भूमिका अद्वितीय छ । 'कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला सडक)' निर्माण कार्यलाई तीव्रता दिन, बजेट विनियोजन गराउन र कामको गुणस्तर सुनिश्चित गर्न नागरिकस्तरबाट दबाब समूह निर्माण गरी संस्थाले ऐतिहासिक नेतृत्वदायी भूमिका खेलेको थियो । तत्कालिन सशस्त्र द्वन्द्वको समयमा जुम्लामा सन् २००३ मा कर्णाली सम्मेलनको आयोजना गेरेर रास्ट्रिय विकासको बहसलाई पहिलो पटक काठमाण्डौं बाहिर लेगेको थियो । द्वन्द्वका कारण विश्व बैंकको सहयोगमा निर्माण भईरहेको कर्णाली राजमार्गको काम रोकिएको अवस्था थियो । सम्मेलनका सहभागीले सडक निर्माण र सूचना प्रणालीको स्थापना पहिलो प्राथमिकता सहित माग भयो । तर दाता निकायले सुरक्षाका कारण सहजता महसुस गरिरहेको थिएन् । किर्डाकले निःशुल्क स्थलगत अध्ययन गेरेर नेपाल सरकार र विश्व बैंकलाई प्रतिवेदन बुझायो । प्रतिदेदनका आधारमा रास्ट्रिय योजना आयोगले जुम्लाबाट कर्णाली राजमार्गको निर्णय गर्यो । तत्कालिन उपाध्यक्ष डा. शंकर शर्मा दुई दिनसम्म सहभागी हुनुभएको थियो । यसले कर्णालीको आर्थिक-सामाजिक जीवनरेखा बदल्न ऐतिहासिक योगदान पुर्‍यायो । यसमा किर्डाकले गौरव महसुस गर्छ ।

३. **सञ्चारको लोकतान्त्रिकीकरण र सामुदायिक रेडियोको स्थापना:**

महिनौसम्म आधारभुत सूचना समेत प्राप्त गर्न नसकेर भोग्नु परेको दर्दनाक र अत्यास लाग्दो अवस्थाबाट मुक्त हुन कर्णालीवासीको अतृप्त प्यासलाई कम गर्ने उद्देश्यले भौतिक पूर्वाधार जस्तै बिजुली लगायतको अभावकावीच पहाडी तथा पर्वतीय क्षेत्रमा पहिलो पटक जुम्लामा सामुदायिक एफएमको स्थापाना गरियो जसको मुख्य उद्देश्य सूचनाको अभावबाट उत्पन्न गरिबीलाई कम गर्ने भन्ने थियो । कर्णालीका नागरिकको आवाजलाई नीति निर्माणको तहसम्म पुर्‍याउन र सूचनाको हक सुनिश्चित गर्न किर्डाकले भौगोलिक रूपमा अत्यन्तै विकट क्षेत्रहरूमा सामुदायिक रेडियोको स्थापना र सञ्चालनमा अग्रणी भूमिका खेल्यो । यसले रैथाने भाषा, संस्कृति, स्थानीय सुशासन र नागरिक सचेतनाको अभिवृद्धिमा क्रान्तिकारी परिवर्तन ल्यायो ।

४. **सशस्त्र द्वन्द्वको समयमा शान्ति, मानवअधिकार र नागरिक सुरक्षा:**

देशको कठिनतम सशस्त्र द्वन्द्वको कालखण्डमा जब राज्य र विद्रोही पक्ष दुवैबाट नागरिकहरू प्रताडित थिए, किर्डाकले कर्णालीका दुर्गम गाउँ-गाउँमा पुगेर मानवअधिकारको अनुगमन, नागरिकहरूको जिउधनको रक्षा र नागरिक समाजको सुदृढीकरणका लागि अग्रमोर्चामा रहेर काम गर्‍यो । भयमुक्त वातावरण सिर्जना गर्न र शान्ति बहालीका लागि स्थानीय स्तरमा भएका मध्यस्थता र संवादहरूमा संस्थाको भूमिका उल्लेखनीय रह्यो ।

५. **शिक्षाको रूपान्तरण र गुणात्मक सुधार कार्यक्रम:**

कर्णालीको गरिबी र पछौटेपनको मुख्य जड अशिक्षा भएको महसुस गरी किर्डाकले विद्यालय बाहिर रहेका बालबालिका, विशेषगरी बालिकाहरूलाई विद्यालय भर्ना गराउने, गुणस्तरीय शिक्षाका लागि बालमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने र विद्यालय व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्धि गर्ने कार्यमा व्यापक सुधार ल्यायो । प्रारम्भिक बालबिकासको सस्थागत बिकास र निरन्तरताका लागि खेलेको योगदान उल्लेख्य रह्यो । प्राविधिक र व्यावसायिक शिक्षाको पहुँच विस्तारमा पनि संस्था निरन्तर क्रियाशील रह्यो । पहाडी तथा पर्वतीय क्षेत्रको शैक्षिक क्यालेण्डरको सुधारका लागि खेलेको भूमिकाको परिणामले सकरात्मक नतिजा प्राप्त भईरहेकाछन् ।

KIRDARC ...together for social justice

**६. खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) र खुला दिशा पिसाव मुक्त क्षेत्र (ODF):**

भौगोलिक विकटताका कारण स्वच्छ खानेपानीको चरम अभाव र असुरक्षित सरसफाइ भोगिरहेको कर्णालीमा किर्डाकले वास (WASH) क्षेत्रमा एकीकृत अभियान चलायो । कर्णालीका दुर्गम जिल्ला तथा गाउँपालिकाहरूलाई खुला दिसामुक्त क्षेत्र (ODF) घोषणा गराउन, पूर्ण सरसफाइ रणनीति कार्यान्वयन गर्न र घर-घरमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याई बाल मृत्युदर र महामारी न्यूनीकरण गर्न संस्थाले खेलेको भूमिका नेपालको सरसफाइ अभियानकै एक सफल मोडेल मानिन्छ ।

**७. जलवायु परिवर्तन, पर्वतीय संरक्षण र हिमाली पर्या-प्रणालीको बचाउ:**

वैश्विक तापमान वृद्धिको सबैभन्दा ठूलो मारमा परेको कर्णाली र नेपालको पर्वतीय क्षेत्रको संरक्षणका लागि किर्डाकले अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । स्थानीय स्तरमा जलवायु अनुकूलनका योजनाहरू निर्माण गर्ने, रैथाने कृषि प्रणालीको संरक्षण गर्ने र पर्वतीय पारिस्थितिकीय प्रणाली (Ecosystem) को दिगो व्यवस्थापनका लागि संस्थाले वैज्ञानिक अनुसन्धान र नागरिक पैरवीलाई सँगसँगै अगाडि बढाएको छ । जसको परिणाम स्वरूप हिमाली तथा पर्वतीय क्षेत्रको समग्र विकासको विषय मुल प्रवाहीकरणको रूपमा स्थापित भईरहेको छ ।

**८. त्रि-स्तरीय सरकारसँग साझेदारी र अन्तर्राष्ट्रिय मञ्चमा सशक्त उपस्थिति:**

नेपालमा संघीयताको आगमनसँगै किर्डाकले स्थानीय, प्रादेशिक र सङ्घीय सरकारसँग सुदृढ प्राविधिक तथा रणनीतिक साझेदारी गर्दै दिगो विकासका लक्ष्यहरू (SDGs) हासिल गर्न सघाउ पुऱ्याइरहेको छ । साथै, संयुक्त राष्ट्रसंघका विभिन्न अंगहरू, जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलन (COP) लगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमा कर्णाली र नेपालको हिमाली जनजीवनका सवालहरूलाई सशक्त रूपमा उठाई संस्थाले आफ्नो अन्तर्राष्ट्रिय पहिचान र गरिमा सुदृढ गरेको छ ।

**निष्कर्ष:**

किर्डाक नेपाल केवल एउटा गैरसरकारी संस्था मात्र होइन, यो कर्णाली र देशका पिछडिएका क्षेत्रका आम नागरिकको अधिकार र न्यायको साझा आवाज र अभियान हो । २७ वर्षसम्म निरन्तर रूपमा प्राप्त जनविश्वास, सहकार्य र अपनत्वका लागि सबैमा पुनः आभार व्यक्त गर्दै, आगामी दिनमा अझ बढी परिष्कृत, पारदर्शी, नवप्रवर्तनकारी र जवाफदेही ढंगले न्यायपूर्ण, समृद्ध र समतामूलक समाज निर्माणको महायात्रामा अविचलित लागिरहने प्रतिबद्धता पुनरावृत्ति गर्दछौँ ।

KIRDARC ...together for social justice

सम्झना कुमारी मल्ल
अध्यक्ष
कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपाल
*इमेल: kirdarc@kirdarc.org | वेबसाइट: www.kirdarc.org*